"ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध समाजवाद उन्मुख नमुना गाउँपालिका"
स्थानीय सरकार
# भिमसेनथापा गाउँपालिका
# BHIMSENTHAPA RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
खान्चोक, गोरखा
Khanchowk, Gorkha
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या (Reference No)-२०८२/०८३
सुचना नं. (Notice No)- ६६-०८२/८३

भिमसेनथापा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खान्चोक, गोरखा २०७३

**भिमसेनथापा गाउँपालिकाको चमेना गृह (क्यान्टिन) सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्र प्रस्ताव आव्हानको सूचना !!**

<u>दोस्रो पटक प्रकाशित मिति २०८३/०३/३१</u>

भिमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय परिसर भित्र रहेको चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक नेपाली नागरिक तथा व्यवसायिक फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र कार्यालय समयभित्र रु १,०००।– (अक्षरुपी रु एक हजार रुपैया मात्र) रकम कार्यालयको नाममा नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक, भिमसेनथापा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग.१.१ १७४०१४००००००७९ मा चमेनागृह सञ्चालन सम्बन्धी प्रस्ताव फाराम खरिद गरी बैंक दाखिला वा राजश्व ईकाईमा राजश्व बुझाई उल्लेखित फाराममा संलग्न खाना/परिकार र ईकाई अनुसारको वस्तुको तोकिएको दररेट भन्दा नबढ्ने गरी के कति दररेटमा उपलब्ध गराउन सकिन्छ, दररेट सहितको सिलबन्दी दरभाउको प्रस्ताव गाउँपालिकाको जिन्सी शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरु:</u>

१. खामबन्दी दररेटसाथ फर्म दर्ता प्रमाणपत्र प्रतिलिपि, नविकरण प्रमाणपत्र संचालकको नागरिकताको प्रमाणपत्र प्रतिलिपि, PAN दर्ता प्रमाणपत्र प्रतिलिपि, चमेनागृह सञ्चालन सम्बन्धी प्रस्ताव फारम सहित सिलबन्दी खामको बाहिर प्रस्तावदाताले नाम थर ठेगाना र सम्पर्क नम्बर स्पष्ट उल्लेख गर्नुपर्नेछ।
२. सिलबन्दी प्रस्ताव ८ औं दिनको २ बजे खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि प्रस्ताव/फारम खोल्न बाधा पर्ने छैन।
३. चमेनागृहका लागि छुट्टै विद्युत मिटर जडान हुने र उक्त मिटरमा उठेको बीलको भुक्तानीको दायित्व चमेनागृह सञ्चालकको हुनेछ।
४. सरसफाईजन्य पानी गाउँपालिकाले निःशुल्क उपलब्ध गराउने र पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वंयमले गर्नु पर्नेछ।
५. चमेनागृहका लागि सञ्चालकले मासिक घरबहाल कर सहित प्रति कोठा रु २००० का दरले दुई कोठाको रु ४००० तिर्नुपर्नेछ।
६. चमेनागृहका लागि आवश्यक पर्ने फर्निचर एवं भाडावर्तनको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ।
७. चमेनागृह सञ्चालकलाई सरसफाई प्रतिको प्रतिबद्धता र गुणस्तरीयता कायम राख्ने दायित्व हुनेछ। निरिक्षणको क्रममा चमेनागृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरिपरिको सरसफाई सेवा प्रवाह सन्तोषजनक नभएको पाइएमा गाउँपालिकाले जुनसुकै बखत सम्झौता रद्द गरी हटाउन सक्नेछ।

चित्र बहादुर अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

Email : bhimsenthapagaupalika@gmail.com, info@bhimsenthapamun.gov.np
website : www.bhimsenthapamun.gov.np Contact No.: 9856010045
"गाउँ टोल घर-घरमा स्थानीय सरकार"

पत्र संख्या (Reference No)-२०८२/०८३
सुचना नं. (Notice No)- ६६-०८२/८३

८. चमेनागृह सञ्चालनको संचालन अवधि सम्झौता भएको मितिले १ (एक) हुनेछ। पालिकाले आवश्यक ठानेमा एवं क्यान्टिन सञ्चालकको सेवा सन्तोषजनक भएमा आवश्यकता अनुसार चमेनागृह सञ्चालनको समायवधि पुनः १(एक) वर्ष थप समेत गर्न सकिनेछ।
९. कारण जनाई वा नजनाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा रहनेछ।
१०. चमेनागृहबाट उपलब्ध गराउनु पर्ने खाना/खाजाको परिकार ईकाई र मुल्यसूचि फारममा उल्लेख भए बमोजिम हुने र सो बाहेक आवश्यकता अनुसार गाउँपालिकाको स्वीकृती लिई खाना/खाजाको परिकार थप गर्न सक्नेछ।
११. अन्य कुराहरु सम्झौता एवं प्रचलित कानुन बमोजिम हुनेछ।

२०८२।३।२१
प्रमुख प्रशासकीय अधिकृत
चित्र बहादुर अधिकारी
प्रमुख प्रशासकिय अधिकृत